स्थानीय सरकार
घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल
सामाजिक विकास महाशाखा

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

पत्र संख्या २०८१/०८२ (शिक्षा) मिति:२०८१।०९।२२
च.नं.

## विषयः स्थानीय बिषयको पाठ्यपुस्तक लेखन कार्यका लागि प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना
### सूचना प्रकाशित मिति २०८१/०९/२३

यस उपमहानगरपालिकाको आ.व. २०८१-८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थानीय पाठ्यक्रम हाम्रो घोराहीका आधारमा स्थानीय पाठ्यपुस्तक हाम्रो घोराही कक्षा १ देखि ३ सम्मको कक्षागत पुस्तक लेखन (लेखन, टाइपिङ, चित्र संकलन तथा चित्र निर्माण, डिजाइनिङ, तथा बिषयबस्तु र भाषा सम्पादन) कार्य गर्नुपर्ने भएकाले मिति २०८१/१०/०८ गते कार्यालय समय सम्म तपसिल बमोजिमको कार्यका लागि यस उप महानगर पालिकाको राजश्व शाखाबाट रु १,०००।- (एक हजार) को रसिद काटी सामाजिक विकास महाशाखामा प्रस्ताव पेश गर्नुहुन सबैमा यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं | पाठ्यपुस्तकको निर्माण गर्ने आधार | पाठ्यपुस्तकको नाम र कक्षा | न्यूनतम् पेज संख्या | अधिकतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | कक्षा १ को स्थानीय पाठ्यक्रम हाम्रो घोराहीको मा निर्माण भएका विषय क्षेत्र, सिकाइ प्रक्रिया, शैक्षिक उपलब्धिहरु मूल्याङ्कन तरिका | हाम्रो घोराही कक्षा १ | १५० (A4 size को पेपर) कम्तीमा ६० हजार शब्द र चित्रको अधिकतम प्रयोग भएको | १०,००,००।- (एक लाख मात्र) मु.अ.क. समेत | पाठ्यपुस्तकमा विद्यार्थीहरुलाई दिईने ज्ञानको अभ्यास, परियोजना कार्य शिक्षण सिकाई तथा मुल्यांकनका तौरतरिका समेटनु पर्नेछ । विषयबस्तुसँग सम्बन्धित सान्दर्भिक चित्र ग्राफ आदि प्रयोग गरी CRC तयार गर्नुपर्नेछ। Preeti Unicode/ Times New Roman Font मा टाईपिङ भएको हुनुपर्नेछ। |
| २ | कक्षा २ को स्थानीय पाठ्यक्रम हाम्रो घोराहीको मा निर्माण भएका विषय क्षेत्र, सिकाइ प्रक्रिया, शैक्षिक उपलब्धिहरु मूल्याङ्कन तरिका | हाम्रो घोराही कक्षा २ | १६० (A4 size को पेपर) कम्तीमा ६० हजार शब्द र चित्रको अधिकतम प्रयोग भएको | १५,००,००।- (एक लाख पचास हजार मत्र) मु.अ.क. समेत | |
| ३ | कक्षा ३ को स्थानीय पाठ्यक्रम हाम्रो घोराहीको मा निर्माण भएका विषय क्षेत्र, सिकाइ प्रक्रिया, शैक्षिक उपलब्धिहरु मूल्याङ्कन तरिका | हाम्रो घोराही कक्षा ३ | १७० (A4 size को पेपर) कम्तीमा ६० हजार शब्द र चित्रको अधिकतम प्रयोग भएको | १५,००,००।- (एक लाख पचास हजार मत्र) मु.अ.क. समेत | |

२. विज्ञको योग्यता तथा अनुभव

क. शिक्षाशास्त्रमा कम्तिमा स्नातक वा अन्य संकायमा स्नातक उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम वा एक वर्षे वि एड उत्तिर्ण गरेको ।

ख. कम्तीमा ५ वर्षको शिक्षण अनुभव भएको।

**पेश गर्नुपर्ने कागजातहरु**

क. व्यक्ति।संस्थाको निवेदन

ख. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।

ग. अनुभव खुल्ने कागजातको प्रतिलिपि।

घ. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

ङ. PAN/VAT दर्ताको प्रमाणपत्र प्रतिलिपि

**नोटः** दरखास्त दिदा छनौट भएका समुह/ संस्थाले पालिकाले तोकेको शर्तको अधिनमा रही कार्यसम्पादन गर्नुपर्नेछ । साथै छनौट भएको समूह वा संस्थाले स्थानीय पाठ्यक्रम निर्माण कार्यदल र स्थानीय विज्ञहरुको अधिकतम् प्रयोग गर्नुपर्नेछ ।

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत